नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सडक विभाग

हेभी ईक्युप्मेंट डिभिजन

बुटवल, रुपन्देही

# लिलाम सम्बन्धि सूचना

**बोलपत्र सूचना नं. HEDBTL/AUCTION/01/2083-84**

**प्रथम पटक प्रकाशित मिति:** २०८३/०४/२५

१) श्री सडक विभाग, हे.ई.डि. बुटवल, रुपन्देहीमा रहेका पुराना काम नलाग्ने कवाड (पत्रु) अवस्थामा रहेका निम्नानुसारका सामानहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक सुचना प्रकाशित मितिले २१ औ दिन भित्र ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । बोलपत्र सम्बन्धि कागजातहरु www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी E-Bidding मार्फत मात्र दर्ता गर्न सकिनेछ । बोलपत्र सम्बन्धि आवश्यक कागजातका अतिरिक्त बोलपत्र फाराम दस्तुर बापतको रकम राष्ट्रिय बाणिज्य बैक लिमिटेड राजश्व शिर्षक नं १४२२९ (खाता नं. १०००१००२०००१००००) हे.ई.डी. बुटवलको कार्यालय कार्यालय कोड ३३७०१४८०६ मा दाखिला गरेको बैक भौचर कपि बोलपत्रसाथ Upload गर्नु पर्नेछ ।

| क्र.सं | सामानको विवरण | परिमाण | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | पुराना यान्त्रिक उपकरणहरु | ७ थान | ३८,०३,०६९।५० (मु.अ.कर बाहेक) अक्षररुपी : अठतिस लाख तिन हजार उन्सत्तरी रुपैया पचास पैसा मात्र. | |
| २. | टायर , ट्यूब पुराना (बिभिन्न साइजका ) | ११२ थान | | |
| ३. | बिबिध स्क्रेप मालसामान हरु ,पुराना स्पेयर पार्ट्सहरु , फलामका छड तथा पाइप हरु | १ लट | | |

२. बोलपत्र फाराम दस्तुर :- रु.२०००/- (दुईहजार मात्र )

३. बोलपत्र दाखिला अन्तिम मिति :-२०८३/०५/१६ दिनको १२:०० बजे

४. बोलपत्र खोलिने समय ,मिति र स्थान:-२०८३/०५/१६ दिनको २:०० बजे श्री स. वि. हे. ई. डि. बुटवल, रुपन्देही ।

५. धरौटी रकम :- कबोल अंकको १० % (दश प्रतिशत - मु.अ.कर सहितको ) ।

६. धरौटी जम्मा गर्ने खाता नं. र बैंकको नाम, कार्यालय कोड र ठेगाना :-बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत बापतको रकम कोष तथालेखा नियन्त्रक कार्यालय रुपन्देहीको नाममा रहेको कृषि विकास बैंक, रुपन्देही ।धरौटी खाता नं.: ०४१४३०१०१४२५३०२७ हे.ई.डी.बुटवलको कार्यालय कोड ३३७०१४८०६ मा दाखिला गरेको भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी ) म्याद भएको बैक जमानी पत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको बैक भौचर, रसिद वा बैक जमानीपत्र यो सुचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

७. बोलपत्र खरिद गर्दा पेश गर्नु पर्ने कागजात:- क) फर्म / संस्था/ कम्पनी भए i) अध्यावधिक फर्म/संस्था/ कम्पनी/व्यवसाय दर्ता,इजाजत पत्रको प्रतिलिपि । i i) फर्म / संस्था/ कम्पनी स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि । i i i ) आ.व.२०८२/०८३ वा आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । ख) ब्यक्तिको सन्दर्भमा : i) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि । i i) स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।

८. बोलपत्रमा बोल कबोल गरेको कुल जम्मा रकममा नियम अनुसार १३ % मूल्य अभिवृद्धि कर लाग्ने छ ।

९.विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागी कार्यालय समय भित्र यस डिभिजनमा सम्पर्क राख्न सकिने छ ।

१०. बोलपत्र खोल्ने समयमा इलेक्ट्रोनिक प्रक्रिया मार्फत दर्ता गरिएका बोलपत्रहरु submit भएको नदेखिएमा वा आंशिक upload भएमा वा upload गरिएका फाइलहरु Unreadable/corrupted भएमा यो कार्यालय जवाफदेही हुने छैन । साथै प्रत्येक पानामा सही छाप नभएको, तथा तोकिएको धरौटी रकम जम्मा नभएको वा अन्य कुनै कारणबाट रीत नपुगेको बोलपत्र मुल्याङ्कनमा समावेस हुने छैन ।

११. लिलाम हुने यान्त्रिक उपकरणहरुको ब्लुबुक र रजिष्ट्रेशन नम्बर अनुसार यातायात व्यवस्था कार्यालयबाट दर्ता नामसारी हुने छैन ।

१२. अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि यस बोलपत्र फाराममा (पुस्तिका) उल्लेखीत बुदाहरु मात्र मान्य हुनेछन ।

१३. यस सम्बन्धि अन्य कुराहरु प्रचलित ऐन नियम,कार्यबिधि बमोजिम हुनेछ ।